<u>यूद्ध अपराधी, मानवता विरुद्धका अपराधी र गम्भीर अपराधीलाई उन्मुक्ति दिने षडयन्त्र विरुद्ध नागरिक समाज, मानव अधिकारकर्मी तथा पीडित समुदायको अपिल</u>

२०७५ मंसीर २, काठमाडांै

नेपालको १० बर्षे माओवादी सशस्त्र द्वन्द्वको स्थायी अन्त्य गर्ने विस्तृत शान्ति सम्झौता भएको आगामि मंसीर ५ गते १२ बर्ष पुग्दैछ । यस हिंसात्मक द्वन्द्वमा राज्य र विद्रोही दुवै पक्षबाट मानवताको चरम उपहास भयो । १७ हजार मानिस मारिए भने हजारांै मानिस वेपत्ता, शरीर बन्धक, यातना, अंगभंग, वलात्कार, विस्थापन लगायत गम्भीर अपराधको सिकार बनाइए । यूद्ध अपराध, मानवता विरुद्धको अपराध र अन्य जधन्य वा गम्भीर अपराधका श्रृखलाबद्ध घटनाहरु घटाइए । नेपालमा न्यायको पखाईमा रहेका द्वन्द्वकालिन अपराध पीडितको संख्या लाखांै छ । द्वन्द्व समाप्ती पछिको यस १२ बर्षको अवधिमा पीडितको सत्य, न्याय र परिपूरणको अधिकारको पूर्ण प्रत्याभूति हुन नसकेको भए तापनि राष्ट्रिय/अन्तर्राष्ट्रिय मानव अधिकार आन्दोलनको दवावका कारणले संक्रमणकालिन न्याय अभियानले प्रारम्भीक चरण भने पार गर्न सफल भएको छ । विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय निकाय, गैरसरकारी संस्था, सञ्चार जगत, नागरिक समाज, पीडित तथा मानव अधिकार समुदायले यस्ता ज्यादतीका घट्नाहरुको अभिलेख राखेका छन् । संक्रमणकालिन न्याय सम्बन्धी विशेष संयन्त्रको रुपमा सत्य निरुपण तथा वेपत्ता छानवीन सम्बन्धी आयोगहरुले संकलन गरेका ६५ हजार भन्दा वढी उजुरी छानवीनको क्रममा छन् । विभिन्न अदालत, राष्ट्रिय मानव अधिकार आयोग तथा संयुक्त राष्ट्र संघीय संयन्त्रबाट गरी सयांै मुद्दामा निर्णय भै सकेको छ, भने सयांै मुद्दा अझै विचाराधीन छन् । यद्यपि, अहिले पनि राज्यसत्ता कब्जा वा नियन्त्रण गर्न सफल पीडक वर्ग संक्रमणकालिन न्यायका वाँकी कार्यभार सम्पन्न गर्नमा वाधक बनेको छ । तसर्थ, गम्भीर अपराधमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उन्मुक्ति वा आममाफीको स्थायी प्रत्याभूति खोजेका पीडकको दुष्प्रयासलाई निस्तेज पार्नु, अपराधको सत्यतथ्य स्थापित गरी पीडकलाई सजाय गर्नु तथा पीडितलाई सशक्तिकरण गरी न्याय र परिपूरण दिलाउनु मानव अधिकार आन्दोलनको अबको मूल कार्यभार हो ।

दुर्भाग्यवशः नेपालको मानव अधिकार आन्दोलनको मूल एजेण्डालाई तुहाउने अर्थात् यूद्ध अपराधी, मानवता विरुद्धका अपराधी र अन्य जधन्य वा गम्भीर अपराधीलाई उन्मूक्ति दिने,

घटनाका साक्षी, प्रमाण र पीडितलाई निस्तेज पार्ने दुषित प्रपञ्चको नेतृत्व आश्चर्यजनक रुपमा मानव अधिकारकर्मीमध्ये कै केही सहकर्मीले गरेको पाइएको छ । नयाँ सिराबाट भएको पहल भनी नामाकरण गरिएको विल्कुल नौलो लाग्ने गोप्य रणनीति बमोजिमको मार्गचित्रले संक्रमणकालिन न्यायलाई केवल राजनीतिक समाधानको विषयको रुपमा स्थापित गर्न खोजेको छ । त्यसमा पीडितलाई सहमत गराउनका लागि धम्काउने, फकाउने, लोभ्याउने र झुक्याउने रणनीतिको प्रयोग गरिएको छ । अन्ततः लेनादेनामा आधारित सेना समायोजनको मोडेलबाट समाधान गर्ने रणनीति अख्तियार गरेको देखिन्छ । पीडकसंगै अध्यारो कोठामा बसी रचिएका दलिय र व्यक्तिगत स्वार्थमा आधारित रणनीतिक प्रपञ्चको कार्यान्वयनले संक्रमणकालिन न्याय सम्बन्धी अहिले सम्मका सवै उपलब्धीलाई पूर्णतः निस्तेज पार्ने र जारी रहेको न्यायको खोजीको अभियानलाई तुहाउने निश्चित छ । पीडक वर्गको वर्चश्व रहेको वर्तमान सरकारसंग दलिय र व्यक्तिगत स्वार्थको लेनादेना भएका व्यक्तिले आफूलाई मानव अधिकार समुदायको प्रतिनिधिको आवरणमा प्रस्तुत गरी गोप्य सम्झौता गर्नु, रणनीतिक मार्गचित्र वा कार्यसुचि बनाउनु तथा त्यसको निर्देशन, सञ्चालन र कार्यान्वयनमा स्वयं प्रत्यक्ष संलग्न हुनु स्वार्थको द्वन्द्व सम्बन्धी सदाचारको नियम विपरित रहेको हाम्रो ठहर छ । यसले मानव अधिकार क्षेत्रको निष्ठामा समेत आघात परेको छ । तसर्थ, मानव अधिकार आन्दोलन र आम पीडित समुदाय विरुद्धको अपारदर्शी, धोकापूर्ण, गुटबन्दीयुक्त, अनैतिक प्रपञ्च, कथित मार्गचित्र तथा त्यसको कार्यान्वयनमा हाम्रो कुनै समर्थन वा सहभागिता नरहने कुरा सार्वजनिक गर्न चाहन्छाैं । साथै, पीडक पक्षको षडयन्त्रको उपक्रम मध्ये पछिल्लो समयमा द्वन्द्वपीडित सत्याग्रही गंगामाया अधिकारीका छोरा नूरप्रसाद अधिकारीलाई फसाउने नियतले सरकारले ज्यान मार्ने उद्योग जस्तो गम्भीर अपराधको झुठा मुद्दा लगाएको कुराको पनि घोर भत्सना गर्दै निष्पक्ष न्याय सहित उहाँको रिहाइको माग गर्दछाैं ।

अन्तमा, यूद्ध अपराधी, मानवता विरुद्धका अपराधी र अन्य जघन्य वा गम्भीर अपराधी माथि अनुसन्धान, अभियोजन र हदै सम्मको सजाय गर्न तथा पीडितको सत्य, न्याय र परिपूरणको अधिकार कानुनी रुपमा सुनिश्चित गर्दै मानवताको रक्षा गर्नका लागि संघीय व्यवस्थापिका, राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुन कार्यान्वयन निकाय, राष्ट्रिय मानव अधिकार आयोग, सक्रमणकालिन न्याय संयन्त्रहरु, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्, मानव अधिकार उच्चायुक्तको कार्यालय तथा मानव अधिकार परिषद्, संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय नागरिक समाज, सञ्चार जगत, स्वदेश विदेशमा रहेका सवै नेपाली समुदायमा हार्दिक अनुरोध

गर्दछौं । साथै, पीडकलाई विश्वव्यापी क्षेत्राधिकारको दायरामा ल्याउन, विदेश भ्रमणको प्रवेशाज्ञा रोक्न, भेटिङ्ग गर्न, दलिय वा व्यक्तिगत स्वार्थमा भएका षडयन्त्रको पर्दाफास गर्न आम रुपमा आ-आफ्नो क्षेत्रबाट पहल गर्न समेत सम्बन्धित सवैमा हार्दिक अपिल गर्दछौं ।

<u>अपिलकर्ताहरु</u>

| क्रस | नाम, ठेगाना/हैसियत | हस्ताक्षर |
|---|---|---|
| १ | सत्याग्रही गंगामाया अधिकारी, फुजेल, गोर्खा | |
| २. | अधिवक्ता ओमप्रकाश अर्याल | ओम अर्याल |
| ३. | इन्द्र प्रसाद अर्याल अध्यक्ष मानवअधिकार संगठन | |
| ४. | अधिवक्ता चन्द्रप्रसाद गुरुङ अध्यक्ष कोक्याप | |
| ५ | सावित्री ओली CVCP केन्द्रीय सदस्य | सावित्री |
| ६ | देवी सुनुवार — CVCP अध्यक्ष | dev |
| ७, | सागर अधिकारी (बाँदरमुढे घटना पीडित परिवार) | |
| ८ | गोपाल बहादुर शाह CVCP उपाध्यक्ष | |
| ९ | राजन कुइकेल | |
| १० | दिनेश त्रिपाठी वरिष्ठ अधिवक्ता | |
| ११. | बसन्त भट्टराई HURON - Nucoakof | |
| १२. | प्रितम सुवेदी | Paudel |
| १३ | शिवहरि तिमल्सीना अधिवक्ता | शिवहरि |
| १४ | कपिल श्रेष्ठ, मानवअधिकारकर्मी | |
| १५ | लोकराज अवस्थी. मिसन नयाँ आकाश | |
| १६ | चरण प्रसाई, मानवअधिकार कर्मी | |
| १७. | वरिष्ठ अधिवक्ता बाबुराम गिरी | बाबुरामगिरि |
| १८ | सफलता बोगटी नवाजुर | |
| १९ | डा केदारनरसिंह के.सी. (नागरिक समाज) | |
| २० | मोहन ज्ञवाली (शिक्षक लेख) | |
| २१ | अधिवक्ता रुपराज पौडेल (एडभोकेसी फोरम) | |
| | | |